नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(जनशक्ति योजना तथा विकास शाखा)

प.सं. :- २०७६/०७७
च.नं. :- २६४

मितिः २०७६/०८/०३

विषयः- नियुक्ति तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा।

श्री स्थानीय तह सबै,

स्थानीय तहहरुकै मागको आधारमा लोक सेवा आयोगबाट विभिन्न सेवा, समुह, उपसमुह, पद र तहका लागि सिफारिश भएका उम्मेद्वारहरुलाई यस मन्त्रालय मार्फत स्थानीय तहमा नियुक्तिका लागि सिफारिश गरिएको व्यहोरा अवगतै छ।

यसै सन्दर्भमा कतिपय स्थानीय तहहरुमा नियुक्तिका लागि सिफारिश गरिएका उम्मेद्वारहरुलाई नियुक्ति दिने सम्बन्धमा द्विविधा उत्पन्न भएको कुरा जानकारीमा आएकोले यस सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन नेपाल सरकार (माननीय मन्त्रिस्तर) को मिति २०७६/०८/०३ को निर्णयानुसार अनुरोध छः-

(क) लोक सेवा आयोग मार्फत नियुक्तिका लागि सिफारिश भएका उम्मेद्वारहरुलाई सिफारिश भए अनुसारको पदमा नियुक्ति पत्र दिई पदस्थापना गर्ने,

(ख) खण्ड (क) बमोजिम नियुक्ति पत्र दिंदा/पदस्थापन गर्दा स्वीकृत संगठन संरचना एवम् दरवन्दी बाहिर हुने भएमा कुन कुन पदको कुन कुन तहको त्यस्तो कर्मचारी बढि हुने हो र उक्त कर्मचारीहरु भविष्यमा तहाँ आवश्यक पर्ने हो होईन एकिन गरी कारण सहित लेखि मन्त्रालयमा पठाउने,

(ग) खण्ड (क) बमोजिम नियुक्ति भएका सबै कर्मचारीलाई अर्को व्यवस्था नभएसम्म हाँजिर गराई कामकाज गराउँने र ती कर्मचारीले नियमानुसार पाउँनु पर्ने तलब/भत्ता भुक्तानी दिने।

साथै खण्ड (क) बमोजिम नियुक्ति दिने सम्बन्धमा एकरुपता एवम् सहजिकरणको लागि नियुक्ति पत्रको नमुना यस मन्त्रालयको वेभपेज www.mofaga.gov.np मा upload गरिएको व्यहोरा समेत अनुरोध छ।

२०७६/०८/०३

(ऋद्धि प्रकाश सिटौला)
उप सचिव

बोधार्थः श्री सूचना तथा प्रविधि शाखाः- webpage मा upload गरिदिन हुन।